लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

लालबन्दी नगरपालिका नगर कार्यपालिकाको कार्यालय लालबन्दी, सर्लाही प्रदेश नं. २, नेपाल २०७३

मिति : २०७८/०२/१०

## तरकारी बजार व्यवस्थापनको निर्णय कार्यान्वयन गर्ने/गराउने बारे जरुरी सूचना ।

लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा मिति २०७८/०२/१० गते नगर उप प्रमुख शान्ति कुमारी लामा को अध्यक्षता तथा श्री उद्योग बाणिज्य संघ, लालबन्दीका अध्यक्ष कल्याण कुमार जोशी र श्री कृषि उपज व्यवस्थापन समिति, लालबन्दीका अध्यक्ष राम दरेश चौधरी सहित अन्य सरोकारवालाहरूको सहभागितामा बसेको बैठकबाट **कोरोना भाईरस (COVID-19)** को जोखिम उच्च रहेको लालबन्दी नगरपालिकाको थोक तथा खुद्रा तरकारी बजार व्यवस्थापनको लागि मिति २०७८/०२/१२ गते रातको १२:०० बजे देखि लागु हुने गरि तपसिल अनुसारको निर्णयहरू भएकोले सोको पुर्ण रूपमा कार्यान्वयन गर्नु/गराउनु हुन सरोकारवाला सम्पूर्ण पक्ष तथा आम नगरवासीहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निर्णयहरू :**

१. डुमडुमे मन्दिर अगाडी लाग्दै आएको थोक तरकारी बजारलाई पूर्ण रूपमा बन्द गरी अर्को सूचना जारी नभएसम्मको लागि लालबन्दी नगरपालिका वडा नं. १७ रानिगञ्ज स्थित श्री कालिन्जोर मा.वि. भन्दा पश्चिम तथा क्रसर उद्योग उत्तरको फुटवल मैदानमा स्वास्थ्य मापदण्डको पूर्ण पालना गरि सञ्चालन गर्ने ।

२. कृषि विकाश बैंकको जमिन अगाडी तथा डुमडुमे मन्दिर अगाडी लाग्दै आएको खुद्रा तरकारी बजारलाई साझा संस्था अगाडीको खुल्ला स्थानबाट भौतिक दुरि रेखाङ्कन गरि तथा स्वास्थ्य मापदण्डको पूर्ण पालना गरि विहान ०७:०० बजे देखी १०:०० बजे सम्ममात्र सञ्चालन गर्ने ।

७८/२/१०

प्रमुख प्रशासकीय अधिकृत